मूख्य विषय : जुनको हाई बाइबलले प्रकाशको पुस्तकको सातवटा मण्डलीबारे सुनाउँछ । बाइबलको अन्तिम पुस्तक भनिने प्रकाशको पुस्तकमा मानव जातिको इतिहासको अन्त्यको समयबारे कथा र त्यस्तो जोखिम अवस्थामा भएको मण्डलीहरुलाई पठाएको वचन छ । एसियाको सातवटा मण्डलीमा पठाएको प्रेरित पावलको चिठ्ठी यी दिनहरुमा हाम्रो मण्डलीहरुलाई पठाउने चिठ्ठी जस्तै पढ्दै मण्डली र आफूलाई नियाल्न म आशा गर्छु ।

पहिलो हप्ता E. 352

आजको खण्ड : प्रकाश २:१-७ पद ।

विषय : एफिसी मण्डलीमा पठाएको वचन ।

विचार गरौँ ।

① एसियाको सातवटा मण्डलीमा चिठ्ठी पठाउनुभएको मानिस को हुनुहुन्थ्यो ?

② एफिसीको मण्डलीले हप्काई पाएको कारण के थियो ?

③ एफिसी मण्डलीले हप्काई पाएर पश्चाताप नगर्दा पाउनुपर्ने सजाय के थियो ?

क्रियाकलाप गरौँ ।
मण्डलीको कागज पट्याउनु ।
उदेश्य : येशू मण्डलीको मालिक हुनुभएर मण्डलीलाई शासन गर्नुभएर हेरविचार गर्नुभएर सँगै हुनुहुने व्यक्ति हुनुभएको कुरा सम्झिएर कागज पट्याएर आफ्नो मण्डली बनाउनुहोस् ।
तयार गर्ने सामाग्री : रङ्गिन कागज, कलर ।

① सन्दर्भ E. 352 लाई हेरेर रङ्गिन कागजमा मण्डलीलाई पट्याउनुहोस् ।

② त्यो मण्डलीको एक भागमा आफ्नो मण्डलीको नाम लेख्नुहोस् ।

दोस्रो हप्ता E. 353

आजको खण्ड : प्रकाश २:१२-२९ पद ।

विषय : पर्गामम, थिआटीराको मण्डलीलाई पठाएको वचन ।

विचार गरौं ।

① प्रेरित यूहन्नाले पर्गामम मण्डलीलाई पठाउनुभएको चिठ्ठीमा येशू कस्तो व्यक्ति हुनुहुन्छ भनेर परिचय दिनुभएको छ ?
② थिआटीराको मण्डलीले पाएको चारवटा प्रशंसाबारे भन्नुहोस् ।
③ प्रेरित यूहन्नाले थिआटीरा मण्डलीमा पठाउनुभएको चिठ्ठीमा येशू कस्तो व्यक्ति हुनुहुन्छ भनेर परिचय दिनुभएको छ ?

क्रियाकलाप गरौं ।
ईजेबेललाई समात्नु ।
उदेश्य : थिआटीरा मण्डलीलाई मूर्तिपूजा गर्ने बनाएको ईजेबेललाई समात्ने, पुच्छर समात्ने खेल खेल्नुहोस् ।
तयार गर्ने सामाग्री : बेलुन, डोरी ।

① बालबालिकाहरुले दुई समूह बनाउनुहोस् ।
② एउटा समूह एउटा मण्डली हुन्छ । बालबालिकाहरुले एउटा लाइन बनाएर आफ्नो अगाडि भएको मानिसको कम्मर समात्नुहोस् ।
③ बेलुन फुकेर डोरीले सबभन्दा पछाडि भएको बालकको कम्मरमा बाँध्नुहोस् । बेलुन बाँधिएको बालक ईजेबेल हो ।
④ खेल सुरु गर्दा प्रत्येक समूहको सबभन्दा अगाडि भएको बालकले आमुन्ने सामुन्ने हेरेर खेल सुरु गर्नुहोस् । अगाडिको बालकले “पवित्र विश्वास” भएर अर्को समूहको ईजेबेलमा बाधिएको बेलुन फुटाउँदा विजयी हुन्छ । तर खेल खेल्दै गर्दा अगाडि भएको बालकको कम्मरमा समातेको हात हट्दा हार हुन्छ ।

⑤ धेरै समूहहरु बनाएर खेल खेल्न सक्छन् ।

तेस्रो हप्ता E. 354

आजको खण्ड : प्रकाश ३:१-६ पद, १३-२१ पद ।

विषय : सार्डिस, लाउडिकायाको मण्डलीलाई पठाएको वचन ।

विचार गरौं ।

① सातवटा मण्डलीहरुमध्ये हप्काई मात्र सुनेको मण्डली कुन कुन मण्डलीहरु हुन् ?
② येशूले सुतेको जस्तै भएको सार्डिसको मण्डलीलाई दोहोऱ्याएर के भन्नुभयो ?
③ लाउडिकियाको मण्डलीले हप्काई पाएको कारणबारे पानीद्धारा बयान गर्नुहोस् ।

क्रियाकलाप गरौं ।

जागा रहने खेल ।

उदेश्य : येशूले सार्डिसको मण्डलीलाई दोहोऱ्याएर "जागा रहो !" भनेर भन्नुभएको कुरा सम्झदै वचन नक्कल गर्ने 007 को खेल खेल्नुहोस् ।

① बालबालिकाहरुले गोलो बनाएर बस्नुहोस् । "जागा रहो !" भनिने शब्द र "आमेन्" भनिने शब्दमा खेल खेल्नुहोस् ।

② बालक A ले "जा" भनेर कराउँदै बालक B लाई औंल्याउनुहोस् । बालक B ले "गा" भनेर कराउँदै बालक C लाई औंल्याउनुहोस् । बालक C ले "र" भनेर कराउँदै बालक D लाई औंल्याउनुहोस् । बालक D ले "हो" भनेर कराउँदै । बालक E लाई औंल्याउनुहोस् ।

③ त्यो समय बालक E को दायाँबायाँ तर्फ भएको दुईजना बालकले हात उचालेर "आमेन" भनेर कराउनुहोस् । दुईजना बालक सफल हुँदा बालक E ले "जा" भनेर कराउँदै अरु बालकलाई औंल्याएर फेरी खेल खेल्नुहोस् ।

④ माथिको ③ मा बालक E को दायाँबायाँ तर्फ भएको बालकहरुमध्ये एकजना अथवा दुईजनाले गल्ती गर्दा सजाय पाउनुहोस् । सजाय पाएको बालकदेखि फेरी "जा" भनेर कराउँदै अरु मानिसलाई औंल्याएर फेरी खेल खेल्नुहोस् ।

चौथो हप्ता E. 355

आजको खण्ड : प्रकाश २:८-११ पद, ३:७-१३ पद ।

विषय : स्मुर्ना, फिलाडेल्फियाको मण्डलीमा पठाएको वचन ।

विचार गरौँ ।

① सातवटा मण्डलीहरुमध्ये प्रशंसा मात्र सुनेको मण्डली कुन-कुन मण्डली हुन् ?
② येशूबारे आदि र अन्त्य, मर्नुभएपनि फेरी जीवित हुनुभएको व्यक्ति हुनुहुन्छ भनेर बयान गरेको मण्डली कुन मण्डली हो ?
③ फिलाडेल्फियाको मण्डलीको विश्वासीहरुले विश्वासको मुकुट राम्रोसँग सुरक्षा गर्दा पवित्र मन्दिरको के हुने बनाउनेछु भनेर भन्नुभयो ?

क्रियाकलाप गरौँ ।
आफ्नो मण्डलीलाई प्रशंसा गर्नुहोस् ।
उदेश्य : येशूबाट प्रशंसा पाएको स्मुर्ना, फिलाडेल्फियाको मण्डलीलाई सम्झदै आफ्नो मण्डलीबारे प्रशंसा गर्नुहोस् ।
तयार गर्ने सामाग्री : ठूलो कागज, मार्कर, मोबाइल फोन अथवा क्यामेरा, प्रिन्टर, गम ।

① बालबालिकाहरुले समूह बनाएर मण्डलीको ठाउँ-ठाउँमा घुम्नुहोस् । त्यसबेला मण्डलीलाई प्रशंसा गर्ने कुरा छ भने फोटो खिच्नुहोस् ।
② त्यस्तो फोटो प्रिन्ट गरेर कागजमा टाँसेर विषय लेख्नुहोस् । “आफ्नो मण्डलीलाई प्रशंसा गर्छौं ।” भन्ने शिर्षकमा प्रस्तुति तयार गर्नुहोस् ।
③ प्रत्येक समूहले पालैपालो अगाडि आएर प्रस्तुति गर्दै आफ्नो मण्डलीलाई प्रशंसा गर्नुहोस् ।